सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विश्वकप क्रिकेट : भारतसँग दक्षिण अफ्रिकाको लज्जास्पद हार ।

पेज ३ मा

♦ वर्ष ७ ♦ अंक ५८ ♦ २०८० साल कार्तिक २१ गते मंगलवार ♦ 7 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेस प्रदेशका मुख्यमन्त्री सहित सबै मन्त्री र सांसद अधिकार हस्तान्तरण नगरे माइतीघरमा धर्ना बस्ने

**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महेन्द्रनगर**



मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बोलाएका सर्वदलीय बैठकले संघीय सरकारले प्रदेशको अधिकार हस्तान्तरण नगरे काठमाडौं स्थित माइतीघर मण्डलमा धर्ना बस्ने निर्णय गरेको छ।

प्रदेशका सबै मन्त्री र राजनीतिक दलका नेताको उपस्थितिमा आयोजना गरिएको सर्वदलीय बैठकले यस मामिलामा प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाउने सहमति समेत गरेको छ।

जनकपुरधाम स्थित मुख्यमन्त्री कार्यालयमा सोमबार बसेको सर्वदलीय बैठकमा मुख्य ४ वटा मुद्दामा संघीय सरकारले रोकेको राखेको प्रदेशको अधिकार खोस्न मधेश सरकारले अगुवाइ गर्नुपर्ने सहमति भएको छ। प्रहरी समायोजन, निजामती कर्मचारीको खटनपटन प्रदेशमातहत, गुठीको जग्गामा प्रदेश सरकारको स्वामित्व र वन क्षेत्रलाई प्रदेश सरकारको अधिकार क्षेत्रमा दिनुपर्ने माग राखेर प्रधानमन्त्री दाहाललाई मधेश प्रदेशका मुख्यमन्त्री यादवको अगुवाइमा सबै दलका नेताले बिहीबार ज्ञापनपत्र बुझाउने मधेश प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्री मोहम्द समिमले जानकारी दिए।

'संघीयता संकटमा छ। संघीयताको खाँचो मधेशलाई नै बढी छ,' मन्त्री समिमले भने,'सर्वदलीय बैठकमा भएको छलफलको विस्तृत खाका बुधबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्नेछौं। प्रदेशले पाउनुपर्ने अधिकार संघीय सरकारले रोकेर राखेकोमा सबै दलले आपत्ति जनाए।' उनका अनुसार बिहीबार प्रधानमन्त्री दाहाललाई भेटेर १५ दिनभित्र प्रहरी समायोजन, निजामती कर्मचारीको खटनपटन, गुठीको जग्गामा अधिकार र वन क्षेत्रलाई प्रदेशमातहत ल्याउने सहित ५-६ वटा माग पूरा गर्न समय दिइनेछ।

'१५ दिनभित्रमा संघीय सरकारले प्रदेशलाई यी सबै अधिकार नसुम्पिए मुख्यमन्त्रीजी सहित हामी सबै मन्त्री, प्रदेशका सबै सांसद र दलका नेता माइतीघर मण्डलमा धर्नामा बस्नेछौं,' गृह तथा सञ्चारमन्त्री समिमले भने, 'संघीयतामाथि चौतर्फी प्रहार भइरहेको बेला प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा दलका नेताहरू एकमत छन्।'

बैठकमा सहभागी माओवादी(केन्द्र)का संसदीय दलका नेता भरतप्रसाद साहले संघीयतालाई मजबुत र सुदृढ गर्न मधेश प्रदेशका दलहरूले महत्त्वपूर्ण कदम चाल्न लागेको जानकारी दिए। उनले प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाएको १५ दिनभित्र माग सम्बोधन नभए माइतीघर मण्डलमा धर्ना र मधेशको ८ वटै जिल्लामा धर्ना र विरोध प्रदर्शन गरिने बताए।


'यसपालि हामी आश्वासन लिएर मात्र फर्किन्नौं। प्रदेशको अधिकार नै लिएर आउँछौं,' माओवादीका नेता साहले भने, 'संघीयतालाई बलियो बनाउन र प्रदेशको अधिकार लिन मधेश प्रदेशले अगुवाइ गर्ने अभियानमा सहभागिता जनाउन अन्य प्रदेशलाई पनि आह्वान गर्नेछौं'। सर्वदलीय बैठकमा जनता समाजवादी पार्टीका तर्फबाट

बाँकी पृष्ठ २ मा

## भाइटीकाको साइत बिहान १० : ५१ बजे

**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महेन्द्रनगर**



नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको शुभ साइत कात्तिक २९ गते बुधबार १०:५१ बजे शुभ रहेको जनाएको छ। भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहेपनि साइत खोज्नेका लागि १०:५१ बजेको साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो। राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय नियम रहेको समितिले जनाएको छ।

यस वर्षको यमपञ्चक अर्थात् तिहार कात्तिक २५ गते शनिबार देखि सुरु हुने छ। तिहार नेपालीको दोस्रो ठुलो चाड हो। नेपालमा धेरैले मनाउने दसैं र तिहारलाई राष्ट्रिय पर्वका रूपमा मनाइन्छ। तिहार पाँच दिनसम्म मनाउने गरिन्छ। रासस

## महोत्तरीमा डाँका समूहबाट लुटपाट, प्रतिकारमा चार घाइते

**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महोत्तरी**




महोत्तरीको जलेश्वर नगर पालिका वडा नम्बर ८ सानो र तवाडामा अज्ञात समूहले लुटपाट गरेको छ। गएराति १ बजेतिर जयकिशोर चौधरीको घरबाट हतियारधारी समूहले सुन, नगद लगायत लुटपाट गरेको स्थानीयको भनाइ उद्धृत गर्दै महोत्तरी प्रहरीले जनाएको छ। प्रहरीका अनुसार चौधरीले आफ्नो घरबाट एक लाख रुपैयाँ नगद, ४० तोला बढी सुनका गरगहना, अढाइ किलो चाँदीका

बाँकी पृष्ठ २ मा

ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

संचालक : अजय साह, सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# बालवालिकाको नेतृत्व क्षमता बढाउन जनकपुरधाममा नमूना वाल संसद सम्पन्न

**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महेन्द्रनगर**

बालवालिमा राजनीति प्रति बढेको विस्तृष्णालाई कम गर्न तथा संसदीय अभ्यासको विषयमा अभ्यस्त गराउनका लागि मधेश प्रदेश स्तरीय नमूला बाल संसद सभा वैठक आज सम्पन्न भएको छ।

वालवालिकामा रहेको अन्तर निहित क्षमताको विकास गर्दै नेतृत्व क्षमताको विकासका लागि सेभ द चिल्ड्रेन र आममान नेपालको सहकार्यमा जनकपुर धाममा नमूना संसद वैठक आज सम्पन्न भएको छ। नमूना बाल संसदमा १५ वर्ष देखि १७ वर्षसम्मका वालवालिकाहरु



सहभागि रहेका थिए।

आसमान नेपालको संकल्प परि योजना मार्फत भएको मधेश प्रदेशको नमूना संसदमा ४ मन्त्री सहित १८ सत्तापक्ष तथा १४ जना प्रतिपक्षी वाल सांसदका बीचमा प्रदेश सभा सञ्चालनको विषयमा अभ्यास गरिईएको थियो। विद्यार्थी वालवालिकाहरु निक्कै अभ्यस्त तरिकाले संसदीय गतिविधि सञ्चालन गरेका थिए।

नमूना वाल संसदमा वाल प्रदेश प्रमुखले प्रदेश सरकारको आर्थिक वर्ष २०८०-८१ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुका साथै प्रदेश सभा सञ्चालनको क्रममा हुने गरेको विषेश समय, शुन्य समय, विषेश समयमा उठेको जिज्ञासाहरुको जवाफ नमूना मूख्यमन्त्री तथा अन्य मन्त्रीहरुवाट दिने काम भएका थिए।

प्रदेश सभामा रहने सभामुख तथा प्रदेश सचिव सहितको भूमिकामा वालपालिकाहरु रहेका थिए। मधेश प्रदेशका ८ वटै जिल्लामा रहेका वडा देखि प्रदेशसम्मका वाल क्लवहरुको सहभागितामा रहेको नमूना वाल संसदले वालवालिको क्षमताको विकास गर्ने विश्वास सेभ द चिल्ड्रेनको रहेको संस्थाका नीति संयोजक झम्केश्वर ओझाले जानकारी दिनु भएको छ।

नमूना वाल संसदको निर्माण पनि क्लष्टरको आधारमा गर्नुका साथै वालिकाको सहभागिता उच्च बनाउने काम भएका थिए।

यसमा प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, सहितका महत्वपूणर् पदहरुमा वालिकाहरु नै रहेका थिए।

नमूना वाल संसदमा वालवालिकाहरुले गरेको अभ्यास कुनै जिम्मेवार पदाधिकारी भन्दा कमजोर रहेका थिएन।

# महोत्तरीमा डाँका समूह......

गहना, एक लाख ७५ हजार मूल्य बराबरको मोबाइल फोन समेत गरी ५० लाख बढी लुटपाट भएको बताएका छन्। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवम् डिएसपी दिलिप कुमार गिरीका अनुसार पीडितको उक्त दाबी पुष्टि हुन भने बाँकी छ। 'चालिस तोला सुन लुटपाट भएको भनिए पनि हामी त्यसलाई भेरिफाइ गर्दैछौं,' डिएसपी गिरीले भने। चौधरीको घरमा गएराति पेस्तोल, खुकुरी, रड र अन्य हतियारसहित प्रवेश गरेका नकाबधारी पाँच जनाको समूहले परिवारका सबै सदस्यहरुलाई नियन्त्रणमा लिएर भान्छा कोठामा थुनेर लुटपाट गरेका थिए। सो क्रममा उनीहरुले घरका सदस्यहरुलाई कुटपिटसमेत गरेका थिए।

घटना रातिको भए पनि आफूहरुले सोमबार बिहान चार बजेमात्रै लुटपाटको खबर पाएको डिएसपी गिरीले बताए। खबर पाएलगत्तै प्रहरीको टोली गाउँमा पुगेको थियो। प्रहरीले सोमबार दिउँसो सवा दुई बजेसम्म लुटपाटमा संलग्नलाई पक्राउ गर्न सकेको छैन। 'लुटपाटमा संलग्नको खोजी गरि रहेका छौं,' उनले भने।

डाँका समूहको आक्रमणबाट घाइते भएकाहरुको अस्पतालमा उपचार भइरहेको छ। जयकिशोर चौधरीका बुवा ६७ वर्षीय भुवनेश्वरको टाउकोमा चोट लागेको छ।

# मधेस प्रदेशका मुख्यमन्त्री सहित.....

मुख्यमन्त्री यादव, कांग्रेसका प्रदेश अध्यक्ष एवं भौतिक पूर्वाधार तथा विकासमन्त्री कृष्णप्रसाद यादव, माओवादी(केन्द्र)का संसदीय दलका नेता भरतप्रसाद साह, लोसपाकी प्रदेश सांसद रानी शर्मा तिवारी, नेकपा(एस)का संसदीय दलका नेता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्द न्यौपाने, जनमत पार्टीका प्रवक्ता एवं श्रम तथा यातायात मन्त्री चन्दन सिंह, एमालेका प्रमुख सचेतक लखन दासलगायतको उपस्थिति थियो।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिका दसै, दिपावली, तिहार र छठ पर्वको अवसरमा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**वृष-** चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ।

**मिथुन-** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ।

**कर्कट** - सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछरु। अपूरा कार्य पूर्ण हुनेछन्।

**सिंह** -साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्ध समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ।

**कन्या** - मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**तुला** -काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ।

**वृश्चिक** -मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ।

**धनु** -काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग छ।प्रेमीका संग यात्राको योग छ।

**मकर** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ।

**कुम्भ** - आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**मीन** -स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ। रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश शिक्षा सम्मेलन, शैक्षिक अवस्था प्रति सरोकारवालाहरुको चिन्ता




**खबर दर्पण समाचारदाता**
**कार्तिक २० गते, महेन्द्रनगर**

मधेश प्रदेशको शैक्षिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सरोकारवालाहरुले साक्षर प्रदेश बनाउन व्यापक सुधार आवश्यक रहेको भन्दै विभिन्न प्रतिबद्धता जनाएका छन् । सोमवार मधेश प्रदेशको शैक्षिक अवस्था, चुनौती तथा आगामी कार्यदिशा सम्बन्धी संघ, प्रदेश, स्थानीय तह र सरोकार वालाहरुबीच वृहत शिक्षा सम्मेलनमा सहभागी सरोकार वालाहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा बोल्दै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले मधेश प्रदेशको शैक्षिक अवस्था निकै कमजोर कर्णाली प्रदेशको हाराहारीमा रहेकाले साक्षर प्रदेश बनाउन संघ, प्रदेश र स्थानीय तह तीनवटै निकाय गम्भीर हुन जरुरी रहेको बताए। कार्यक्रममा मन्त्री यादवले प्रदेशलाई साक्षर प्रदेश बनाउन प्रदेश सरकारले निती तथा कार्यक्रममा समेत समेटेको र मन्त्रालयले बजेट समेत छुट्याएकाले यसप्रति सरोकार वाला निकायहरु पनि गम्भीर हुन जरुरी रहेको भने। प्रदेशलाई साक्षर बनाउन दुई चरणमा कार्यक्रम संचालन गरिने जानकारी दिँदै उनले प्रदेशको ऐन र नियमावली पनि चाँडै ल्याउने प्रतिबद्धता जनाए ।

सो कार्यक्रममा शिक्षा विकास निर्देशनालयका चूडामणि फुयाँलले प्रदेशलाई साक्षर बनाउन सबभन्दा महत्वपूर्ण भूमिका स्थानीय तहको रहेको कुरामा जोड दिए । यस्तै नगर पालिका महासंघ मधेश प्रदेशका अध्यक्ष प्रदीप यादवले प्रदेशलाई साक्षर बनाउन स्थानीय तहको महत्वपूर्ण भूमिका रहेपनि कानून आभावले केही गर्न नसकिएको बताए ।

सो कार्यक्रमबाट चालू आर्थिक वर्षभित्रै प्रदेशलाई साक्षर प्रदेश बनाउने सहितका १० बुँदे प्रतिबद्धता पत्रमा समेत कार्यक्रममा सहभागी स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी र प्रदेशका मन्त्री तथा सरोकारवालाहरुले हस्ताक्षर गरेका छन् । शिक्षाविद्हरु समेतको उपस्थिती रहेको कार्यक्रममा विभिन्न पालिकाहरुले समेत आफ्नो शैक्षिक गतिविधी र क्रियाकलाप सहितको प्रगती विवरण प्रस्तुत गरेका थिए ।

# आरती शाहको परिवारलाई वार्तामा आउन गृह मन्त्रालयको आग्रह



**खबर दर्पण समाचारदाता**
**कार्तिक २० गते, काठमाण्डौं**

धनुषामा मृत अवस्थामा फेला परेकी आरती शाहको परिवार लाई गृह मन्त्रालयले वार्तामा आउन आग्रह गरेको छ । उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको स्वकीय सचिव विजय गौतम सोमबार संवादका लागि आग्रह गर्न माइतीघर मण्डलास्थित धर्नास्थलमा पुगेका हुन् ।

आरती शाहको धनुषामा मृत्यु भएको थियो । मृत्यु शंकास्पद भएको र अनुसन्धानको क्रममा धनुषाका एसपी विश्वराज खड्का सहितका प्रहरी अधिकृतहरुले कुटपिट गरेको पीडित परिवारले दाबी गरेका छन् । खड्का सहितका प्रहरी अधिकृतहरुलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै शाहका बुवा र आमासहित परि वारका सदस्यहरु १ सय ४४ दिनदेखि काठमाडौँमा धर्ना बसिरहेका छन् । यसबारे प्रहरीका डिआईजी विकाशराज खनाल नेतृत्वका टिमले छानबिन गरिरहेको छ ।

आरतीको हत्या गरेको आरोपमा प्रहरीले उनको श्रीमान् र ससुर लाई पक्राउ गरेको थियो । उनीहरु अहिले पुर्पक्षका लागि थुनामा छन् । आम जनता पार्टीका कार्यालय सचिव रन्जु कुमारी शाहको पहलमा गृह मन्त्रालय र पीडित परिवारको बीचमा संवादको सुरुवात भएको बताइएको छ ।

# विश्वकप क्रिकेट : भारतसँग दक्षिण अफ्रिकाको लज्जास्पद हार



एकदिवसीय विश्वकप क्रिकेटमा भारतसँग दक्षिण अफ्रिकाले लज्जास्पद हार व्होरेको छ । घरेलु मैदानमा जारी विश्वकपमा भारतले दक्षिण अफ्रिकालाई २ सय ४३ रनको विशाल अन्तरले हराएको हो । ३ सय २७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका २७.१ ओभरमा ८३ रन बनाउँदै अलाउट भयो ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारतले ५० ओभरमा ५ विकेटको क्षतिमा ३ सय २६ रन बनाएको थियो । भारतका लागि विराट कोहलीले १ सय १ रन बनाए । यस्तै ओपनर शुभमन गिलले २३ रन, रवीन्द्र जडेजाले २९ तथा सूर्यकुमार यादवले २२ रन जोडे ।

दक्षिण अफ्रिकाका लागि लुंगी एनगिडी, मार्को जानसेन, कागिसो रबाडा, केशव महाराज र तब्राइज शाम्सीले १/१ विकेट लिए । दक्षिण अफ्रिकाका मार्को जानसेनले १४ रन, रासी भान डेर डुसेनले १३ रन बनाए भने कप्तान टेम्बा बाभुमा र डेभिड मिलरले ११/११ रनको योगदान गरे ।-एजेन्सी

# बर्दिवास नगरपालिकाले......

पोखरेलले पानी पिउने बोत्तल र जर्सी सहयोग गरेको नगर खेलकुद समितिले जनाएको छ ।

राष्ट्रियरुपमा अव्वल खेलाडी उत्पादन गर्ने नगरको योजनामाथी व्यापारी तथा सामाजिक अभियन्ताहरुले खुसी व्यक्त गरे ।

नेकपा एमालेका युवा नेता कुमार भण्डारीले नगर खेलकुदको नाममा भएको बजेट यसअघि दुरुपयोग भएको वताउदै अहिले उक्त बजेट सिर्जनात्मक ढंगले प्रयोग भएको वताए ।

सार्वजनिक स्थलमा धुम्रपान नगरौं । सभ्य नागरिकको परिचय दिऔं ।

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

**मठिहानी नगरपालिका, महोत्तरी**

# भुकम्पमा ज्यान गुमाउनेको सम्झनामा बर्दिवासमा श्रद्धाञ्जली सभा

**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महोत्तरी**

जाजरकोट जिल्लालाई केन्द्रविन्दु बनाएर गत शुक्रबार राती गएको भुकम्पमा परी ज्यान गुमाउने ब्यक्तिको सम्झनामा बर्दिबासमा श्रद्धाञ्जली सभा गरिएको छ ।




जाजरकोट भुकम्पमा ज्यान गुमाउनेको संङ्ख्या १ सय ५३ पुगेको छ । सम्पुर्ण मृतकको चिर शान्तिको कामना संगै श्रद्धाञ्जली ब्यक्त गर्न सभाको आयोजना गरिएको होटल तथा पर्यटन ब्यबसायी संघ महोत्तरीका अध्यक्ष गुन्ज बहादुर कार्किले जानकारी दिए ।

श्रद्धाञ्जली सभामा मृतकको सम्झनामा मैनबत्ती प्रज्वलन गरिएको थियो । सभाको प्रमुख ब्यक्तिको रुपमा मधेस प्रदेश सभा सदस्य शारदादेवी थापाले मैनबत्ती प्रज्वलन गरि श्रद्धाञ्जली ब्यक्त गरेकी थिइन् ।

बर्दिवास नगरपालिका मेयर प्रल्हाद कुमार क्षेत्रीले बर्दिवास बासिका तर्फबाट मृतकको चिर शान्तिको कामना गर्दै घाइतेको शिघ्रस्वास्थ्य लाभको कामना गरे । साथै बर्दिवास नगर पालीकाले जाजरकोट भुकम्प पिडितका पिडामा मलम लगाउन राहात लिएर जाजर कोट जाने तयारीमा रहेको जानकारी समेत मेयर क्षेत्रीले गराए ।

मंगलबार मेयर क्षेत्री सहित ६ जनाको टोलि राहात लिएर जाजरकोट जाने तयारीमा रहेकाले सहयोग गर्न चाहाने हरकोहिको सहयोग नगरले जाजरकोट पुऱ्याउने र बाँकी सहयोग नगरले लैजाने तयारी गरेको क्षेत्रीले बताए ।

होटल तथा पर्यटन ब्यबसायी संघ महोत्तरीले आयोजना गरेको श्रद्धाञ्जली सभामा संगका जिल्ला सचिव नारायण घिमिरेले सहजीकरण गरेका थिए भने बर्दिवासका नगरपालिका, नगरभित्रका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि स्थानिय युवा समाजसेवी लगायतको सहभागीता थियो ।

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर शुक्रबार गएको भूकम्पमा परी ज्यान गुमाउनेको संख्या घटेको छ । स्थानीय प्रशासनले यसअघि जाजरकोटमा मात्र १ सय ५ जनाको मृत्यु भएको जनाएको थियो । जाजरकोटको नलगाड नगरपालिकाका तीन जना मृतकको ठेगाना र मृत्यु भएको स्थान फरकफरक परेकाले दोहोरिएको र अर्को एक जनाको नागरिकता र बोलाउने नाम छुट्टाछुट्टै रहेको र दुवै नाम रेकर्डमा टिपिएकाले ४ जनाको संख्या दोहोरिएको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले प्रस्ट्याएका छन् ।

शुक्रबार मध्यरातमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर ६.४ म्याग्नेच्युडको भुकम्प गएको थियो । भुकम्पमा परी सयौं ब्यक्ति घाइते भएका छन् भने सयौंको घर भुकम्पले ध्वस्त बनाएको छ ।

# बर्दिवास नगरपालिकाले खेलाडीलाई मासिक भत्ता दिने



**खबर दर्पण समाचारदाता**

**कार्तिक २० गते, महोत्तरी**

बर्दिवास नगरपालिकाले पालिकामा छनोट भएका खेलाडीहरुलाई मासिक भत्ता दिने भएको छ ।

पहिलो चरणमा फुटवल खेलमा वडा-वडावाट पालिकामा छनोट भएका खेलाडीहरुलाई प्रोत्साहन गर्ने उदेश्यले मासिक भत्ता दिने भएको हो ।

बर्दिवास खेलकुद समितिको अनुसार १४ वटै वडावाट पारम्भिक चरणमा ३३ जना खेलाडी छनोट भएका छन् ।

३३ जनावाट पनि उत्कृष्ट २२ जनालाई मात्र छनोट गर्ने नगर खेलकुद समितिका अध्यक्ष दिपेन्द्र शिवभक्तिले जानकारी दिए ।

खेलाडीहरुको मनोवल वढाउन पालिकाले शैक्षिक खर्च पनि बेहोर्ने भएको छ। खेलवाट नै जिविकोपार्जन गर्न सक्ने वातावरण तयार नहुदा प्रतिभावान खेलाडीहरु प्रदेश पलायन भएको वताउदै नगरले राष्ट्रियरुपमा नै खेलाडी उत्पादन गर्ने अभियान अगाडी बढाएको अध्यक्ष सिवभक्तीले वताए ।

'अर्को आर्थिक बर्षवाट खेलका अन्य विधाहरुलाई पनि समेटने नगरपालिकाले जनाएको छ । ञहरेक क्षेत्रलाई हामी नया ढंगले विकास गर्न चाहान्छौं' नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले भने ।

आज एक पत्रकार सम्मेलन गरेर पारम्भिक चरणमा छनोट भएका खेलाडीहरुलाई खेलसामाग्री समेत वितरण गरिएको छ ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले ३३ थान ट्याक्सुट, स्थानिय व्यापारी कुमार भण्डारी, कमल

*बाँकी पृष्ठ ३ मा*


## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**






**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।**
**चाडपर्वमा फजुल खर्च नगरौं**

**हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।**

**बर्दिवास नगरपालिका, महोत्तरी**



**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।**
**चाडपर्वमा फजुल खर्च नगरौं**

**हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा